# हिटाले भूकम्पपीडितलाई सहयोग गर्ने





**हिमालय टाइम्स**
काठमाडौं, २३ कात्तिक

हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकाले दशैं, तिहार, नेपाल सम्वत् ११४४ र छठका अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको छ । काठमाडौंको मध्य बानेश्वरस्थित कार्यालय परिसरमा आयोजना गरिएको कार्यक्रममा हिटाकर्मीहरूको उपस्थिति रहेको थियो ।

अनलाइनका सम्पादक सन्दीप पौडेलले सहजीकरण गर्नुभएको कार्यक्रममा हिटाका सल्लाहकार एवं नेपाल महिला दबाब समूहकी अध्यक्ष कल्याणी शाहले हिटाले एउटा गौरवपूर्ण इतिहास कायम गरेको भन्दै यसको शाख जोगाएर अघि बढ्नुपर्ने वर्तमान चुनौती रहेको औंल्याउनुभएको थियो । उहाँले भन्नुभयो, 'विभिन्न उतारचढावबीच हिमालय टाइम्स आजको दिनसम्म आइपुगेको छ, यसको आफ्नै गौरवपूर्ण इतिहास छ, वर्तमानको चुनौती भनेको यो धरोहरलाई अझ सशक्तका साथ अघि बढाउनु हो ।'

यस्तै, प्रधान सम्पादक पुरुषोत्तम दाहालले हिमालय टाइम्सले पछिल्ला दिनहरूमा आफूलाई अझ सशक्तरूपमा प्रस्तुत गरेको बताउनुभयो । उहाँले लोकतन्त्र र राष्ट्रियता यस प्रकाशनको मूल जरो रहेको बताउँदै बाहिर विभिन्न विचार भए पनि कार्यालयभित्र छिरेपछि लोकतन्त्र र राष्ट्रियतामा मात्रै ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'हामी बाहिर विभिन्न विचार समूहका हुन सक्छौं तर कार्यालयको गेटभित्र प्रवेश गरेपछि लोकतन्त्र र राष्ट्रियतामात्रै हाम्रो मूल विषय हुनुपर्छ ।'

यसैगरी कार्यकारी निर्देशक उज्ज्वल शर्माले हिटाको इतिहासलाई वर्तमान समयअनुकूल लैजानका लागि यस परिवारका सबैको उत्तिकै जिम्मेवारी रहेको बताउनुभयो । उहाँले देशको पश्चिमी क्षेत्रमा हालै गएको विनाशकारी भूकम्पका कारण धेरै जनधनको क्षति भएकोमा दुःख व्यक्त गर्दै यो अवस्थामा संस्थाका तर्फबाट पनि केही रकम सहयोग गर्ने जानकारी दिनुभयो । उहाँले भूकम्पपीडितको सहयोगार्थ प्रधानमन्त्री राष्ट्रिय विपद् कोषमा केही रकम जम्मा गर्ने निर्णयमा यस संस्थाका कर्मचारीले पनि आफूले सक्दो सहयोग पुऱ्याएकोमा आभार व्यक्त गर्नुभएको थियो । कर्मचारीले दिएको रकममा संस्थाले केही थप गरी कोषमा जम्मा गरिने उहाँले जानकारी गराउनुभयो । कार्यक्रममा अनलाइन नेपाली र अंग्रेजी संस्करण, पत्रिका एवं बजार व्यवस्थापनका अधिकांश सदस्यको उपस्थिति रहेको थियो । हिटाले प्रमुख चाडबाडको अवसर पारेर हरेक वर्ष सो कार्यक्रम आयोजना गर्दै आएको छ ।

# अख्तियारद्वारा मालपोत कार्यालय इटहरीका दुई कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा



**हिमालय टाइम्स**
काठमाडौं, २३ कात्तिक

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीका नायब सुब्बा सुदिप कटुवाल र खरिदार रमेश अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ ।

जग्गा नामसारी गरेबापत सेवाग्राहीसँग एक लाख ५० हजार रुपैयाँ घुस माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिएको टोलीले उनीहरूलाई उक्त परिमाणको घुसबापतको रकम लिइसकेको अवस्थामा गत असोज १२ गते नियन्त्रणमा लिएको थियो ।

आयोगका अनुसार अनुसन्धानको सिलसिलामा कटुवाल र अधिकारीको आपसी मिलोमतो तथा योजनामा अंशवण्डा नामसारी गरी दिएबापत सेवाग्राहीसँग एक लाख ५० हजार रुपैयाँ घुस मागगरी लिएको पुष्टि भएपछि एक लाख ५० हजार रुपैयाँ बिगो कायम गरी बिहीबार विशेष अदालतमा मुद्दा दायर गरिएको हो ।

## गैर–नेपाली नागरिक मेहराविरुद्ध पाँच करोड बढीको भ्रष्टाचार मुद्दा

गैर-नेपाली नागरिक अनुप मेहराविरुद्ध गैरकानुनी रूपमा पाँच करोड पाँच लाख ४२ हजार रुपियाँ भ्रष्टाचारको मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान कार्यालयका प्रवक्ता भोला दाहालका अनुसार विशेष अदालत, काठमाडौंमा विचाराधीन रहेको वादी नेपाल सरकार र प्रतिवादी टीकाराम ज्ञवालीसमेत भएको गैर-नेपाली नागरिकलाई नक्कली जग्गाधनी खडा गरी जग्गा बिक्री वितरण गरी भ्रष्टाचार गरेको आरोप लागेको छ ।

उहाँका अनुसार मेहराले नेपाल सरकारको नाममा आउनुपर्ने जग्गाहरू भूमि सुधार कार्यालय नवलपरासीका तत्कालीन भूमिसुधार अधिकारीलाई प्रलोभनमा पारी, मिलेमतो गरी गलत कागजातका आधारमा कानुन विपरीत तीन परिवार संख्या कायम गरी गैर-कानुनी निर्णय गर्न लगाएको, सोही निर्णयलाई कार्यान्वयन गराउन मालपोत अधिकृतसमेतलाई अनुचित प्रभावमा पारी मिलेमतो गरेको र लामो समयदेखि हदबन्दी रोक्का रहेको जग्गा भूमिसुधार कार्यालयले हदबन्दी फुकुवा गर्ने निर्णय गरेको आरोप लागेको छ । उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुरमा पाँच करोड पाँच लाख ४२ हजार रुपियाँ बिगो रकमसहित विशेष अदालत काठमाडौँमा बिहीबार आरोपपत्र दायर भएको आयोगले जनाएको छ ।

# आगलागीमा जलेर बालकको मृत्यु

**राजकुमार कार्की/ ओखलढुंगा ।** घरमा लागेको आगोसँगै जलेर १५ महिने बालक फुर्वा शेर्पाको मृत्यु भएको छ । ओखलढुंगाको मोलुङ गाउँपालिका-६ श्रीचौर स्थित मंसिरेमा आगलागी हुँदा घरमा भएका दुधे बालकको जलेर मृत्यु भएको हो ।

कर्मा शेर्पाको घरमा बुधबार दिउँसो २ बजेको समयमा आगलागी भएको थियो । जेठो छोरा तीन बर्षीय मिङमार शेर्पा र कान्छो छोरा १५ महिने फुर्वा शेर्पालाई घरमा छाडेर बुवा-आमा दुवैजना गाउँमा आफन्तको घरमा गएका थिए । बुवा-आमा गाउँबाट फर्किर घरमा आईपुग्दा घर सँगै कान्छो छोरा पनि जलिरहेका थिए । जेठो छोरा भने घरमा आगो लागेपछी भागेर बाँच्न सफल भएका थिए । हिँड्डुल गर्न पनि नसक्ने केहि थाहा नपाउने अबोध बालक भने जबरजस्ती जलेर देह त्याग गर्न बाध्य भए । स्थानीय, प्रहरी र जनप्रतिनिधीको सहयोगमा आगो साढे २ घण्टा पछिमात्र नियन्त्रणमा आएको थियो । आगोलागीबाट ढुंगामाटोले बनेको ढुंगाकै छानो भएको दुइ तले घर जलेर नष्ट भएको छ । घरभित्र भएका लत्ताकपडा, अन्नपात, भाँडवर्तन, काठपात लगायतका घरायसी सामग्रीहरू नष्ट हुँदा करिब १५ लाख बराबरको सम्पत्ति पनि क्षति भएको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।


### पि.एम.एफ. इन्भेष्टमेण्ट प्रा. लि.
लाजिम्पाट, काठमाडौं

**वार्षिक साधारण सभासम्बन्धि सूचना**

मिति २०८० कार्तिक २० गते बसेको यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको आ. व. २०७९/८० को वार्षिक साधारण सभा निम्नलिखित मिति र स्थानमा बस्ने भएको हुनाले सम्पूर्ण शेयरधनी तथा सञ्चालक महानुभावहरुको अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं ।
मिति, स्थान र समय : २०८० मंसीर १५ गते - शुक्रवार, विहान ११ बजे
स्थान : रोयल चाइना माउण्टेन रेष्टुरेन्ट, उत्तरढोका मार्ग, काठमाडौं
वार्षिक साधारण सभाको लागि छलफलका विषयवस्तु :
१) आ.व. २०७९/८० को वासलात, आयव्ययको हिसाब र लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
२) आ.व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
३) विविध ।

### मोरङ्ग इनर्जी लिमिटेडको
**नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति कार्तिक २४, २०८०

यस कम्पनीको मिति आश्विन २३, २०८० को विशेष साधारण सभाको निर्णयबाट कम्पनीको साविक नाम मोरङ्ग इनर्जी लिमिटेडबाट एलिभेसन इनर्जी म्यानेजमेन्ट लिमिटेडमा परिवर्तनको निर्णय भए बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयको च.नं. २०४३५ को मिति कार्तिक ०१, २०८० मा प्राप्त पत्र बमोजिम यस कम्पनीको नाम परिवर्तन स्वीकृत भएको हुँदा मोरङ्ग इनर्जी लिमिटेडको नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले तिर्ने व्यहोर्ने गरी साविक नाम परिवर्तन गरी एलिभेसन इनर्जी म्यानेजमेन्ट लिमिटेड कायम रहेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । अब उपरान्त यस कम्पनीको कारोबार एलिभेसन इनर्जी म्यानेजमेन्ट लिमिटेडको नामबाट हुने व्यहोरा जानकारी गराईन्छ ।

### Request for Proposal

Ncell Axiata Limited is seeking proposal from interested relevant companies/vendors for a Strategy Retreat.

Interested parties are requested to send details with their company profile on below address:
**procurement.helpdesk@ncell.axiata.com** before 14th November 2023.

Ncell will review the submission and qualified parties will be called for further process.

Contact Number: +977 980 555 4444
Ncell Axiata Limited
Ncell Icon Building
Lainchaur-26, Kathmandu

Ncell an axiata company


# वडा कार्यालय तोडफोड

**भोजपुर ।** भोजपुरको पूर्वी पौवादुङमा गाउँपालिका-१, श्यामशिलाको वडा कार्यालयमा तोडफोड गरिएको छ । वडा कार्यालयभित्र प्रवेश गरी तोडफोड भएको वडाध्यक्ष राजेन्द्र तामाङले बताउनुभयो । कार्यालयको मुख्य गेटको ताला फुटाएर मंगलबार राती कार्यालयभित्रको सामग्री तोडफोड भएको वडाध्यक्ष तामाङले जानकारी दिनुभयो । तोडफोडबाट कार्यालयभित्र रहेको प्रिन्टर, इन्भटर, दराजसँगै झ्याललगायत सामग्रीमा क्षति भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ । तोडफोडबाट करिब डेढ लाख बराबरको क्षति भएको छ । कर्मचारी बस्ने कोठामा उक्त समूह पस्न नपाएकाले धेरै क्षति हुनबाट जोगिएको वडाध्यक्ष तामाङको भनाइ छ । घटनामा संलग्नको खोजी कार्य जारी राखिएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी निरीक्षक विशाल लिम्बूले जानकारी दिनुभयो ।


गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
**पूर्वाधार बिकास निर्देशनालय**
**शहरी बिकास तथा भवन कार्यालय**
कास्की

**बोलपत्रपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८०।०७।२४

यस कार्यालयबाट देहाएका कार्यको लागि बोलपत्र आह्ववान भई तोकिएको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र दरभाउ पत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावाग्राही देखिन आएकाले स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि. नं | बोलपत्र नं. (Contract ID) | कामको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | UDBOKASKI/ NCB/W/01/2080/81 | Construction and Renovation works at quarter building of Chief Minister, Rastra bank Chowk, Pokhara | Zoom Construction and Engineering, Pokhara Kaski | 43,72,779.29 |

Government of Nepal
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Road Supervision and Monitoring Office, Surkhet**
**Road Division, Jumla**

**INVITATION FOR BIDS**

**Notice No. 2-080/81**
**First Date of Publication: 2080/07/24 (10th November 2023)**

Road Division, Jumla invites bids from eligible domestic bidders for the road improvement works as listed below:

| S.N | Contract Number | Name of Works | Estimate Amount (NRs) (Excluding VAT ) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDJML/337310113/ 080/81-14 | Road Upgrading works on Amgaaudada-Thulamadu Hudai Maachaa patihalla Sadak Palata, Kalikot | 6,412,104.80 | 160,000.00 | 3000 |
| 2 | RDJML/337310113/ 080/81-15 | Road Upgrading Works on Molpha hudai Chuli Mandir Samma paryatak Sadak nirman Khadachakra-06, Kalikot | 6,412,799.15 | 160,000.00 | 3000 |
| 3 | RDJML/337310113/ 080/81-16 | Road Upgrading Works on Bagabajar DeKhi Banchare Katna hudai Kalikot Sadak Hima Ga. pa. 7, Jumla | 4,274,916.28 | 107,000.00 | 3000 |
| 4 | RDJML/337310113/ 080/81-17 | Road Upgrading Works on Kamedi Khaanaa Dekhi Shiddi gaun samma Sadak Nirman , Soru Ga.pa., Mugu | 6,365,795.32 | 159,000.00 | 3000 |

| S.N. | Last Date Of Bid Submission | Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2023/12/10 (AD) | 2023/12/10 (AD) | 2023/12/30 (AD) | 90 days from bid submission due date | Minimum 30 days beyond bid validity period | For SN 1-4 of above table |
| | 2080/08/24 (BS) | 2080/08/24 (BS) | 2080/08/14 (BS) | | | |
| | Up to 12:00 hours | 13:00 hours, Road Division Jumla | 13:00 hours at office address | | | |

For further details regarding the notice of Invitation for Bids, interested Bidders are requested to visit the notice board of Road Division, Jumla or PPMO Website:- www.bolpatra.gov.np/egp

**Division Chief**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पोखरा
सडक डिभिजन पाल्पा

**खरिद सम्झौता अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति :- २०८०/०७/२४)

तपसिल बमोजिमको निर्माण कार्य सम्पन्न गर्नको लागि तपशिलमा उल्लेखित निर्माण व्यवसायीलाई पटक पटक मौखिक र लिखित पत्राचार गर्दा समेत निर्माण कार्य नभएकोले गर्दा सार्वजनिक हितको लागि ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशनको मितिले सातौं (७) कार्य दिनमा श्री जिल्ला प्रशासन कार्यालय पाल्पा, श्री कोष तथा लेखा नियन्त्रक कार्यालय पाल्पा र निर्माण व्यवसायीको आधिकारिक प्रतिनिधिको रोहबरमा अध्यावधिक भएको काम र बाँकी कामको मुल्यांकन गरिनेछ। मुल्यांकन कार्यमा निर्माण व्यवसायीको प्रतिनिधि उपस्थित नभएपनि नाप जाँच कार्यमा बाधा पर्ने छैन। सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडिएको र कालोसूचीमा राख्ने तथा बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही गरिने समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

तपसिल:

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम, ठेगाना | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|
| १ | DROPLP/337310113/ 077-078/01 | Maintenance works (Pothole repairs and rigid pavement works) Along Siddhartha Highway, Palpa | श्री जयरक्तकाली कन्स्ट्रक्सन प्रा.ली, नुवाकोट | २०७७/०७/१३ | २०७९/०७/१३ |
| २ | DROPLP/3371653-2075/76-003 | Recurrent Maintenance Works on Aaryabhanjyang-Rampur Feeder Road, Palpa | श्री जयरक्तकाली कन्स्ट्रक्सन प्रा.ली, नुवाकोट | २०७५/०८/१६ | २०७९/०८/३० |
| ३ | DROPLP/337310113/ 077-078/003 | Recurrent Maintenance Works on Aaryabhanjyang-Rampur Feeder Road, Palpa | श्री जयरक्तकाली कन्स्ट्रक्सन प्रा.ली, नुवाकोट | २०७७/०७/१३ | २०७९/०८/३० |
| ४ | DROPLP-3371653-075/076-016 | Periodic Maintenance (Resealing) Works on Bartung Kaligandaki Section of Siddhartha Highway, Palpa | श्री वाई.पी /जय रक्तकाली जे.भी, काठमाण्डौ | २०७५/११/१७ | २०७९/१२/३० |
| ५ | DROPLP/337011384/ 077-078/036 | Road Improvement works on Keladighat-Janabikas Ma. Bi of Bhimad-Rampur-Mityal-Arunkhola Road, Palpa | श्री ए वान खसड कन्स्ट्रक्सन एण्ड अडर्स सप्लायर्स,बाजुरा | २०७८/०३/०६ | २०७९/११/३० |
| ६ | DROPLP/337310113/ 2078/79-004 | Recurrent Maintenance Work on Aryabhanjyang-Rampur Feeder Road, Palpa | श्री उदय कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली, तानसेन, पाल्पा | २०७८/०६/०४ | २०७९/०७/३० |
| ७ | DROPLP/337011384/ 078-079-015 | Structural, drainage and Bituminous works on Siddhartha Highway (Jhumsa-Ramdi Road Section) | श्री नमुना कन्स्ट्रक्सन खिम्ती प्रा.ली, रामेछाप | २०७८/१०/०६ | २०८०/०३/३० |
| ८ | DROPLP/337011224/ 078-079-019 | Structural and Bituminous Works on Tinau River Bridge and Jhumsa Khola Bridge Road, Siddhababa Bypass, Palpa | श्री चण्डी निर्माण सेवा, सिध्दार्थनगर, रुपन्देही | २०७८/११/०२ | २०७९/१२/३० |
| ९ | DROPLP-3371234-2072/73-023 | Madiphant Ring Road [CH: 0+000 Km to CH: 22+000] | श्री कोशी एण्ड न्यौपाने/ओम साई जे.भी, काठमाण्डौ | २०७२/१०/२५ | २०७७/११/०१ |

डिभिजन प्रमुख